जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ३५ • २०८३ साल आषाढ १० गते बुधवार (24 June, Wednesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## उपाध्यक्ष पौडेलको पक्राउ प्रति गैरन्यायिक, तत्काल छाड्न माग

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले)ले पार्टी उपाध्यक्ष विष्णु पौडेललाई सरकारले अपमान गर्ने हिसाबले गैरन्यायिक ढंगले पक्राउ गरेको भन्दै आपत्ति जनाएको छ।

एमाले मुख्यालय च्यासलमा मंगलबार बसेको संसदीय दलको बैठकले पार्टी उपाध्यक्ष पौडेलको पक्राउप्रति आपत्ति जनाएको संसदीय दलका प्रमुख सचेतक ऐनबहादुर महरले जानकारी दिएका छन् । पूर्वउपप्रधान तथा अर्थमन्त्रीसमेत रहेका उपाध्यक्ष पौडेलको पक्राउ गैरन्यायिक र विधिको शासनविपरीत रहेको निष्कर्ष समेत निकालेको प्रमुख सचेतक महरले बताए।

'हिजो मात्रै सुर्खेतबाट गैरराजनीतिक, गैरन्यायिक र प्रतिशोधपूर्ण ढंगले प्रक्राउ पर्नुभएका नेकपा (एमाले) का उपाध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई जसरी अपमानपूर्ण ढंगले प्रक्राउ गरियो, उहाँसँग पीएसओ छ, उहाँ राज्यको सम्पर्क र खबरमा हुनुहुन्छ। आज काठमाडौँ आउँदै हुनुहुन्थ्यो,' प्रमुख सचेतक महरले भने, 'त्यो कुरा थाहा भई-भई राज्यले दुःख दिने हिसाबले रातारात सार्वजनिक यातायातको माध्यमबाट जसरी काठमाडौँ ल्याउने काम गरियो, यो गैरन्यायिक र गैरकानूनी छ।'



एमाले संसदीय दलको बैठकबाट उपाध्यक्ष पौडेललाई तत्काल रिहा गर्न माग गरेको छ। 'यो कानुनी राज्य र विधिको शासनको बर्खिलापमा छ । यो पक्राउको एमाले संसदीय दलले घोर विरोध र भ्रत्सना गरेको छ,' उनले भने, 'विनासर्त अविलम्ब रिहाईको माग पनि गरेको छ।'

त्यस्तै बैठकले मुलुकमा विधिको शासन बहाल गर्न र सरकारी स्वेच्छाचारी अराजक कदमहरुविरुद्ध आवाज उठाउने निर्णय पनि गरेको सांसद गुरु बरालले बताए । बरालले भने, 'त्यसबाहेक मुलुकमा बढेको महँगी, बाढी पहिरो लगायतका विषयमा सरकारको ध्यान नगएको भन्दै पीडितको पक्षमा निर्णय गर्न सरकारलाई दबाब दिने निर्णय गरेको छ।'

बैठकमा अध्यक्ष ओलीले संसद्मा खेल्नुपर्ने भूमिकाका बारेमा ब्रिफिङ गरेका थिए। संसदीय दलको बैठक लगत्तै एमालेको सचिवालय बैठक अध्यक्ष ओली निवास गुण्डुमा बसेको छ। उक्त बैठकबाट एमालेको थप रणनीति तय गर्ने सचिव पद्मा अर्यालले बताइन्।

उपाध्यक्ष पौडेललाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्रका आधारमा प्रहरीले सोमबार सुर्खेतबाट पक्राउ गरी काठमाण्डुमा ल्याइएको छ।

### अगुवा कार्यकर्तासंग भलाकुसारीमा जसपा नेपाल

## संविधान संशोधन र संघीयताका लागि डन्डा लिएर आन्दोलनमा उत्रिने चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधान संशोधन र संघीयतालाई सबल बनाउने मुद्दा अघि नबढाइए पार्टी सडकमा डन्डा लिएर आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्।

जनकपुरधाममा मंगलबार अगुवा कार्यकर्ता भेलामा बोल्दै पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले संविधान संशोधन तथा संघीयताको प्रभावकारी कार्यान्वयन जसपाको मुख्य एजेण्डा रहेको उल्लेख गर्दै यी विषयलाई सरकारले प्राथमिकतामा नराखे पार्टी आन्दोलनमा जान बाध्य हुने बताए। "संविधान संशोधन होस्, संघीयता सबल बनोस्। यी मुद्दा हाम्रै हो। यसमा सरकार अघि बढ्‌ यो भने जसपाको एजेण्डा कार्यान्वयन हुन्छ, अन्यथा हामी सडकमा उत्रिन्छौं," उनले भने।

प्रतिनिधिसभा निर्वाचनमा अपेक्षाअनुसार परिणाम हासिल गर्न नसक्नुका कारणबारे पार्टीले समीक्षा गरेको जानकारी दिँदै यादवले आन्तरिक र बाह्य दुवै कारण जिम्मेवार रहेको बताए । जसपा नेपालले विगतमा मधेश प्रदेश सरकारको लामो समयसम्म नेतृत्वको गरेको स्मरण गर्दै अध्यक्ष यावले त्यतिबेलाको मधेश प्रदेश सरकारको केही कमजोरी भए पनि शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा महत्वपूर्ण काम भएको दाबी गरे । मधेशमा दुई वटा विश्वविद्यालय स्थापना, जनकपुरधाममा अस्पताल सञ्चालनजस्ता उपलब्धि भए पनि तिनको प्रभावकारी प्रचारप्रसार हुन नसकेकोमा अगुवा कार्यकर्ता समक्ष गुनासो समेत गरे।




अध्यक्ष यादवले लामो समयदेखि सत्ता सञ्चालन गर्दै आएका नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रलगायतका दलहरूले जनताको अपेक्षा पूरा गर्न नसकेको आरोप लगाए । कांग्रेसले ०४६ सालदेखि र त्यसपछि कम्युनिष्टले पनि ०८२ सालसम्म कांग्रेस-कम्युनिष्टले सरकारको नेतृत्व गरे पनि जनताको अपेक्षा अनुसार काम नगर्दा प्रतिनिधिसभा सदस्य निर्वाचनमा बढारिनु परेको दाबी गरे। उनले कांग्रेस-कम्युनिष्टका सरकारसंग किसान, मजदुर, विद्यार्थीलगायतकाले गरेका अपेक्षाहरु पूरा गर्न नसक्दा उनीहरुले विकल्प खोज्दै यस निर्वाचनमा बढारिन पुगेको बताए। उनले किसान, मजदुर, विद्यार्थीका माग र अपेक्षा पूरा गर्न नसक्दा तथा उत्पादनमूलक क्षेत्रको विकास हुन नसक्दा जनतामा निराशा बढेको उनको भनाइ थियो । उनका अनुसार ती दलहरूसंगको सहकार्यका कारण जसपा नेपाल पनि जनअसन्तुष्टिको प्रभावबाट अछुतो रहन सकेन। "लामोसमयदेखि सत्तामा रमाएका पुराना दलहरूसंगको संगतकै कारण जसपा नेपाल पनि जनताको असन्तुष्टिको शिकार बन्यो," उनले भने।

अध्यक्ष यादवले पार्टी विभाजनले जसपा नेपालको साखमा संकट उत्पन्न गरेको स्वीकार गर्दै त्यसबाट कार्यकर्तामा निराशा र आक्रोश पैदा हुनु स्वाभाविक रहेको बताए। उनले पार्टी विभाजनलाई व्यक्तिगत लाभ र मन्त्री पद प्राप्त गर्ने उद्देश्यसँग जोड्दै आलोचना गरे।

"पार्टी विभाजन भयो र भोलिपल्टै मन्त्रीको शपथ लिइयो। मन्त्री पद र व्यक्तिगत स्वार्थका लागि पार्टी फुटाउने प्रवृत्तिले कार्यकर्ताको संघर्ष र बलिदानको सम्मान हुन सकेन," यादवले भने।

उनले पार्टीभित्र देखिएको असन्तुष्टि र आक्रोशलाई स्वाभाविक प्रतिक्रिया भन्दै अब जसपा नेपालले जनतामाझ पुगेर संघीय गणतन्त्रको रक्षा, संविधान संशोधन र जनअधिकारको मुद्दालाई थप सशक्त रूपमा उठाउनका लागि जनमत प्राप्त भए अनुसार आन्दोलनको तयारीमा जुट्नका लागि निर्देशन दिए।

मधेश आन्दोलन पछि पटकपटक भएको टुटफुट र फुट्नेहरु सत्तामुखी भइ सरकारमा तत्कालै सहभागी हुने प्रवृत्तिगत सत्तालिप्साका कारण समग्र मुद्दानै कमजोर हुन पुगेको स्वीकार गर्दै अध्यक्ष यादवले बताए।

कार्यक्रममा जसपा नेपालका केन्द्रीय समन्वय समितिका सदस्यहरु शरतसिंह भण्डारी, लालकिशोर, परमेश्वर साहलगायतका नेताहरुले बोलेका थिए।

प्रतिनिधिसभा निर्वाचमा पराजित भए पछि देशव्यापी कार्यक्रम अनुसार जसपा नेपालले मधेशसहितको विभिन्न जिल्लामा अगुवा कार्यकर्ताहरुसंग रायसल्लाह सुझावसहितका कार्यक्रमबाट पार्टी, संगठन र प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पराजय हुनुको कारणसहितको विचार संकलन अभियानको क्रममा जसपा नेपालका शीषनेतृत्वहरु खोजी कार्यमा जुटेका छन्।

पार्टीलाई नयाँ मार्गनिर्देशनसहित अघि बढाउन विगतमा भएका कमीकमजोरीहरुलाई सच्याउँदै अघि बढनुको विकल्प नरहेको अगुवा नेता तथा कार्यकर्ताहरुले सुझाए।

## रास्वपामा रविलाई गुटको लफडा, चर्को आलोचनापछि प्रतिनिधि शुल्क स्वेच्छिक




**टुडे समाचारदाता**

भरतपुर । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीमा गुटउपगुट रहेको स्वीकारेका छन्।

चितवनको भरतपुरमा जारी रहेको पार्टीको प्रथम महाधिवेशनको बन्दसत्रको क्रममा बोल्दै सभापति लामिछानेले पार्टीलाई स्वस्थ, स्वच्छ र विवादरहित बनाउन प्रतिनिधिहरूलाई गुट, उपगुट तथा प्यानल राजनीति नगर्न निर्देशन दिएका छन्। महाधिवेशनअन्तर्गतको बन्दसत्र उद्घाटन गर्दै उनले पार्टीभित्र मतभेद र प्रतिस्पर्धा स्वाभाविक भए पनि त्यसलाई तमासाको विषय नबनाई संगठनभित्रै समाधान गर्नुपर्नेमा जोड दिए।

सभापति लामिछानेले निर्वाचन प्रक्रियामा स्वस्थ प्रतिस्पर्धाको पक्षमा आफू रहेको स्पष्ट पार्दै भित्रभित्रै नाम सिफारिस गर्ने, फोनमार्फत भोट माग्ने तथा प्यानल बनाएर चुनावलाई प्रभावित पार्ने गतिविधि रास्वपाको राजनीतिक संस्कृतिसँग मेल नखाने बताए । उनले प्रतिनिधिहरूलाई विवेक प्रयोग गरी नेतृत्व चयन गर्न आग्रह गर्दै कसैको प्रभाव, दबाब वा व्यक्तिगत गुनका आधारमा नभई क्षमता र योग्यताका आधारमा मतदान गर्न सुझाव दिएका छन्।

उनले नेपाली नागरिकले रास्वपालाई असाधारण विश्वास दिएको उल्लेख गर्दै अब त्यो विश्वासलाई परिणाममा रूपान्तरण गर्ने समय आएको बताए। "सपना देख्दैमा र चाहना राख्दैमा उपलब्धि हासिल हुँदैन, त्यसका लागि ठोस कदम चाल्नुपर्छ," उनले भने। पहिलो महाधिवेशनअघि नै पार्टीले राष्ट्रिय राजनीतिमा उल्लेखनीय प्रभाव स्थापित गरेको दाबी गर्दै त्यसको महिमागान मात्र गरेर नहुने र संगठनात्मक सुदृढीकरणमा ध्यान दिनुपर्ने उनको भनाइ थियो।

महाधिवेशनको उद्घाटन कार्यक्रमदेखि नै प्रतिनिधि शुल्क चर्को रहेको भन्दै प्रतिनिधि तथा पर्यवेक्षकहरुले नै पार्टीको चर्को शुल्क लिने निर्णयको सामाजिक सञ्जालमा समेत आलोचना हुन थालेपछि प्रतिनिधिका लागि तोकिएको पाँच हजार रुपैयाँ शुल्कलाई स्वेच्छिक बनाउने घोषणा गरे । महाधिवेशन लम्बिँदा प्रतिनिधिहरूमाथि आर्थिक भार बढेको उल्लेख गर्दै उनले शुल्क तिरिसकेकाहरूले चाहेमा रकम फिर्ता लिन सक्ने र शुल्क तिर्न नसक्नेहरूका लागि पार्टीले वैकल्पिक व्यवस्था गर्ने बताए।

उक्त निर्णयलाई महाधिवेशनमा आर्थिक कारणले कुनै प्रतिनिधि मतदान प्रक्रियाबाट वञ्चित नहोस् भन्ने उद्देश्यका साथ गरिएको कदमका रूपमा हेरिएको छ। पार्टी नेतृत्वले प्रतिनिधिहरूको सहभागितालाई प्राथमिकता दिएको सन्देश पनि यसबाट गएको विश्लेषण गरिएको छ।

सभापति लामिछानेले पार्टीभित्र सांसद, मन्त्री वा पुराना-नयाँ सदस्यबीच विभेद गरेर उम्मेदवारी रोक्ने कुनै निर्णय नभएको स्पष्ट पारे । उनले जोसुकैले पनि निर्बाध रूपमा उम्मेदवारी दिन सक्ने बताउँदै कसलाई भोट दिने वा नदिने भन्ने उर्दी जारी गर्ने प्रवृत्ति रास्वपाको चरित्र नभएको उल्लेख गरे।

उनले पार्टीभित्र गलत पात्र वा गलत संस्कारको सानो बीउ रोपिए पनि त्यसले भविष्यमा ठूलो समस्या निम्त्याउन सक्ने चेतावनी दिए । त्यसैले नेतृत्व चयनमा विशेष सावधानी अपनाउनुपर्ने उनको भनाइ थियो।

### ढिलाइपछि शुरू भयो बन्दसत्र

सोमबारदेखि शुरु हुने भनिएको महाधिवेशनको बन्दसत्र प्रतिनिधि छनोटसम्बन्धी विवादका कारण मंगलबार मात्रै शुरु भएको छ। मंगलबार दिउँसो २ बजेका लागि तय गरिएको कार्यक्रम पनि झण्डै डेढ घण्टा ढिलो गरी साढे ३ बजे सुरु भएको थियो।

प्रतिनिधि छनोटको विवाद समाधान गर्ने सम्पूर्ण जिम्मेवारी सभापति लामिछानेलाई सुम्पिएपछि बन्दसत्र अघि बढाइएको पार्टी स्रोतले जनाएको छ । बन्दसत्रमा राजनीतिक, आर्थिक तथा अनुशासन आयोगका प्रतिवेदनहरू प्रस्तुत हुने र त्यसमाथि व्यापक छलफल हुने कार्यक्रम छ।

महाधिवेशन उद्घाटन भाषणमा सभापति लामिछानेले पार्टीभित्र मतभेद हुनु स्वाभाविक भए पनि त्यसलाई व्यवस्थापन गर्ने क्षमता नै दलको परिपक्वताको मापन हुने बताए। उनले असन्तुष्टि र मनमुटावलाई सडक वा सार्वजनिक विवादको विषय नबनाई संगठनभित्रै संवादमार्फत समाधान गर्न आग्रह गरे।

रास्वपाले आफ्ना आन्तरिक मतभेद समाधान गर्न सक्ने परिपक्व राजनीतिक शक्तिको उदाहरण प्रस्तुत गर्नुपर्ने उल्लेख गर्दै उनले स्वस्थ र स्वच्छ ढंगले महाधिवेशन सम्पन्न गरेर नयाँ राजनीतिक संस्कृतिको सन्देश दिन प्रतिनिधिहरूलाई आह्वान गरे।

रास्वपाको पहिलो महाधिवेशन पार्टीको संगठनात्मक संरचना निर्माण र भावी नेतृत्व चयनका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिएको छ। प्रतिनिधि छनोटदेखि उम्मेदवारी व्यवस्थापनसम्मका विषयमा देखिएका विवादले पार्टीभित्र आन्तरिक शक्ति-सन्तुलनको संकेत गरे पनि सभापति लामिछानेले गुटबन्दीविरुद्ध कडा सन्देश दिँदै संगठनात्मक एकता जोगाउने प्रयास गरेका छन्।

## गृहमन्त्रीले अमलेट खाँदा माछाको काँडा !


**टुडे समाचारदाता**

भरतपुर । गृहमन्त्री सुधन गुरुङले खाजा खाने क्रममा अमलेटमा माछाको काँडा भेटिएपछि होटलका कमर्चारीहरूलाई केरकार गरिएको छ।

चितवनको लड्स प्लाजा होटलमा मंगलबार गृहमन्त्री गुरुङले अमलेट खाने क्रममा माछाको काँडा भेटिएपछि होटलका भान्सेहरूलाई नियन्त्रणमा लिएर सोधपुछ गरिएको छ।

गृहमन्त्री गुरुङको सचिवालयले खाद्य विभागले अखाद्य वस्तुको विषयमा होटल सञ्चालक टिमसंग सामान्य सोधपुछ मात्र गरिएको र कुनै पनि कर्मचारीलाई पक्राउ नगरिएको प्रस्ट्याएका छन्।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### राहदानी प्रकरणमा अनुसन्धानको परीक्षा

बहुचर्चित राहदानी (एमआरपी) खरिद प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १६ जना व्यक्ति र दुई विदेशी कम्पनीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गर्नु राज्यको जवाफदेहितातर्फको महत्वपूर्ण कदम मानिएको छ। १० अर्ब रुपैयाँभन्दा बढी बिगो दाबी गरिएको यस मुद्दाले सार्वजनिक खरिद प्रक्रियामा भएको सम्भावित अनियमितताको गम्भीरता उजागर गरेको छ। विशेषतः राहदानीजस्तो संवेदनशील राष्ट्रिय दस्तावेजको छपाइ र व्यवस्थापनमा भ्रष्टाचारको आरोप लाग्नु केवल आर्थिक अनियमितताको विषय मात्र नभइ राज्यको विश्वसनीयता र सुशासनसँग प्रत्यक्ष जोडिएको प्रश्न हो। मुद्दामा राहदानी विभागका उच्च अधिकारीहरू प्रतिवादी बनाइएका छन् भने तत्कालीन राजनीतिक नेतृत्वमाथि पनि अनुसन्धानको दायरा पुगेको देखिन्छ । यद्यपि पूर्वपरराष्ट्रमन्त्री डा. आरजु राणा देउवालाई तत्काल प्रतिवादी नबनाइए पनि अख्तियारले उनीमाथि छुट्टै अनुसन्धान जारी राख्ने निर्णय गरेको छ। यसले अनुसन्धान अझै पूर्ण रूपमा टुंगिएको छैन भन्ने संकेत गर्छ। कुनै व्यक्तिको नाम चर्चामा आउनु र कानुनी रूपमा दोषी ठहरिनु फरक विषय हुन्। त्यसैले अनुसन्धानका आधारमा मात्र निष्कर्ष निकाल्नु लोकतान्त्रिक विधि र न्यायको मूल मान्यताविपरीत हुनेछ। यस प्रकरणमा अर्को महत्वपूर्ण पक्ष भनेको अनुसन्धानको निष्पक्षता हो । राजनीतिक प्रभाव, शक्ति केन्द्र वा सार्वजनिक दबाबका आधारमा होइन, प्रमाण र तथ्यका आधारमा मात्र निर्णय हुनुपर्छ । अख्तियारले कसैलाई प्रतिवादी बनाउने वा नबनाउने निर्णय गर्दा पर्याप्त प्रमाण, कागजात र कानुनी आधार प्रस्तुत गर्न सक्नुपर्छ। अन्यथा भ्रष्टाचारविरुद्धको अभियान नै राजनीतिक प्रतिशोध वा शक्ति संघर्षको साधन बनेको आरोप लाग्न सक्छ। जनताले अपेक्षा गरेको कुरा स्पष्ट नै छ। दोषी जोसुकै भए पनि कानुनी कारबाही हुनुपर्छ। तर प्रतिशोधकै लागि गलत अफवाह फैलाउने मनसायले कुनै निर्दोषलाई अनावश्यक रूपमा बदनाम गरिनु उचित हुँदैन। विशेष अदालतको आगामी फैसला तथा अख्तियारको थप अनुसन्धानले यस प्रकरणको वास्तविकता उजागर गर्नेछ। त्यसैले अहिले आवश्यक कुरा हल्ला र अनुमान नभइ पारदर्शी अनुसन्धान, निष्पक्ष न्यायिक प्रक्रिया र सुशासनप्रतिको दृढ प्रतिबद्धता हो। यही बाटोले मात्र भ्रष्टाचारविरुद्धको अभियानलाई विश्वसनीय र प्रभावकारी बनाउन सक्छ। तर आलोकाचो र गलत नियतले प्रतिशोध साँध्नकै लागि सत्ता र शक्तिको दुरुपयोग हुनु हुँदैन। सुशासन र पारदर्शीको नाममा सरकारले आफ्नो गलत कार्यलाई लुकाउँदै अर्काको आंग मात्रै पनि देख्नु हुँदैन। सरकार आफैँमा पनि जवाफदेहीता र पारदर्शीता हुनुपर्छ भन्ने आजको आवश्यकता छ।

## विहार कुण्ड :

# माता सीतासंग जोडिएको एक स्मृति



● प्रफुल्ल घिमिरे

जनकपुरधाम धार्मिक सांस्कृतिक संग्रहालय हो । यहाँका प्रत्येक मन्दिर, प्रत्येक पोखरी, प्रत्येक मठ-कुटी, फुल-फुलवारी, बन-बगैचा र प्रत्येक गल्लीले हजारौं वर्ष पुरानो इतिहास, संस्कृति, धर्म र जीवनदर्शन बोकेका छन् । जनकपुरधामको पहिचान केवल भव्य जानकी मन्दिर मा सीमित छैन; यहाँ रहेका पवित्र कुण्ड, सरोवर र जलाशयहरूले पनि यस नगरको धार्मिक, सांस्कृतिक र ऐतिहासिक अस्तित्वलाई समान रूपमा परिभाषित गरेका छन् । तीमध्ये विहार कुण्ड, जसलाई श्रद्धापूर्वक "श्री जानकी सर" पनि भनिन्छ, मिथिलाको जल-संस्कृति, धार्मिक आस्था र ऐतिहासिक सम्पदाको महत्वपूर्ण धरोहरका रूपमा स्थापित छ।

जनकपुरधाम उपमहानगरपालिका-८ मा अवस्थित विहार कुण्ड एउटा साधारण पोखरी मात्र होइन, यो जनकनन्दिनी माता सीताको स्मृति, मिथिलाको सांस्कृतिक गौरव र जनकपुरको धार्मिक परम्पराको जीवन्त प्रतीक हो। समयको प्रवाहसँगै यसको स्वरूप खुम्चिएको, सौन्दर्य क्षीण भएको र ऐतिहासिक महत्व ओझेलमा पर्दै गएको भए पनि यसको आध्यात्मिक महिमा आज पनि जनमानसमा उत्तिकै गहिरो रूपमा जीवित छ। विहार कुण्डलाई बुझ्नु भनेको मिथिलाको आत्मालाई बुझ्नु हो, र यसको संरक्षण गर्नु भनेको हाम्रो इतिहास, संस्कृति र पहिचानको रक्षा गर्नु हो।

मिथिलाको प्राचीन सभ्यतामा जलाशयहरू केवल पानी सञ्चय गर्ने स्थान थिएनन् । ती धार्मिक अनुष्ठान, सामाजिक जमघट, सांस्कृतिक उत्सव र पर्यावरणीय सन्तुलनका केन्द्र थिए । परापुर्व काल देखि मन्दिरहरुसँगै कुण्ड र सरोवरका विशेष महत्व रहेको थियो। जनकपुरधाममा रहेका गंगा सागर, धनुष सागर, अग्निकुण्ड, रत्नसागर, विहार कुण्ड लगायतका जलाशयहरू यही परम्पराका साक्षी हुन्। विहार कुण्ड पनि त्यही महान परम्पराको एक गौरवशाली अध्याय हो।


स्थानीय जनविश्वास र किवदन्तीअनुसार माता सीता आफ्ना सखीहरूसँग यस पवित्र सरोवरमा जलविहार गर्न आउने गर्थिन्। मिथिला नरेश राजा जनकको राजकुमारीका रूपमा हुर्केकी सीताले बाल्यकालका धेरै रमाइला क्षण यही क्षेत्रमा बिताएकी थिइन् भन्ने धार्मिक मान्यता पाइन्छ। जलविहार अर्थात् पानीमा रमाउने, खेल्ने र आध्यात्मिक आनन्द प्राप्त गर्ने परम्पराले यस कुण्डलाई विशेष महत्व प्रदान गरेको छ। यही कारणले यसलाई "विहार कुण्ड" भनिएको हो भने "श्री जानकी सर" नामले यसको सीतासँगको प्रत्यक्ष सम्बन्धलाई उजागर गर्दछ।

मिथिला संस्कृतिमा पानीलाई जीवन, पवित्रता र सृष्टिको आधारका रूपमा लिइन्छ। माता सीताको जीवन प्रकृतिसँग गहिरो रूपमा जोडिएको थियो। उनी भूमिजा थिइन्, पृथ्वीबाट उत्पन्न भएकी देवीका रूपमा सम्मानित छिन् । त्यसैले जल, माटो, वनस्पति र प्रकृतिसँग सम्बन्धित स्थलहरू सीताको स्मृतिसँग स्वाभाविक रूपमा गाँसिएका छन् । विहार कुण्ड त्यही सम्बन्धको एउटा सजीव प्रमाण हो।

विगतका दशकहरूमा विहार कुण्ड अत्यन्त फराकिलो, स्वच्छ र मनमोहक थियो । कुण्डका चारैतर्फ हरियालीले भरिपूर्ण वातावरण थियो। विभिन्न जातका वृक्ष, फूलबारी र प्राकृतिक सौन्दर्यले यस क्षेत्रलाई रमणीय बनाएका थिए। बिहान-बेलुका साधु, सन्त, श्रद्धालु र स्थानीय बासिन्दाहरूको उपस्थितिले यहाँ आध्यात्मिक वातावरण सिर्जना हुन्थ्यो। पानीमा आकाशको प्रतिबिम्ब देखिन्थ्यो, किनारामा बसेर भजन-कीर्तन गुञ्जिन्थ्यो र वातावरणमा धार्मिक शान्तिको अनुभूति हुन्थ्यो।

आज भने त्यो दृश्य धेरै हदसम्म बदलिएको छ। हरियाली घटेको छ, पुराना वृक्षहरू हराउँदै गएका छन्, कुण्डको क्षेत्रफल खुम्चिँदै गएको छ र यसको मौलिक स्वरूप संकटमा परेको छ। समयक्रममा बढ्दो अतिक्रमण, अव्यवस्थित निर्माण, संरक्षणप्रतिको उदासीनता र प्रभावकारी व्यवस्थापनको अभावले यसको अस्तित्वलाई चुनौती दिएको छ।





विहार कुण्डको अर्को विशेषता यसको वरिपरि रहेका मठ, मन्दिर र कुटीहरू हुन् । यी धार्मिक संरचनाहरूले विहार कुण्डलाई केवल जलाशयको रूपमा सीमित नराखी एक विशाल धार्मिक-सांस्कृतिक परिसरका रूपमा विकास गरेका छन्। यहाँ अवस्थित श्री विजय राघव कुञ्ज, श्री युगल विनोद कुञ्ज, श्री सृङ्गार कुञ्ज, श्री परौल कुटी, श्री लक्ष्मण शरण कुटी, श्री राम विहारी कुञ्ज, श्री चारुशीला कुञ्ज, श्री सिया रघुनाथ सदन, श्री सीता विहारी कुञ्ज, श्री जानकी जीवन कुञ्ज, श्री खखना कुटी, श्री सिया रघुवर कुञ्ज, श्री युगल जोडी कुटी, श्री राम जानकी कुञ्ज तथा श्री जानकी विहार भवनजस्ता धार्मिक स्थलहरूले यस क्षेत्रलाई आध्यात्मिक केन्द्रका रूपमा प्रतिष्ठित गरेका छन्।

यी मठ-मन्दिरहरू केवल पूजा-आराधनाका स्थल मात्र होइनन्। यिनले मिथिलाको धार्मिक दर्शन, वैष्णव परम्परा, संस्कृत शिक्षा, साधना र सांस्कृतिक चेतनाको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेका छन्। विगतमा यहाँ धर्मशास्त्र अध्ययन, प्रवचन, भजन-कीर्तन तथा विभिन्न धार्मिक गतिविधिहरू नियमित सञ्चालन हुने गर्थे। त्यसैले विहार कुण्डको महत्व केवल पोखरीको रूपमा नभइ सम्पूर्ण धार्मिक-सांस्कृतिक परिसरको रूपमा बुझ्न आवश्यक छ।

गुठी संस्थानको स्वामित्वमा रहेको यो कुण्ड ज्ञानकूप संस्कृत पाठशालाको पूर्व तथा कुर्था सडकको दक्षिण-पश्चिम क्षेत्रमा अवस्थित छ । आयताकार आकारको यस कुण्डको क्षेत्रफल करिब १ बिघा ११ कठ्ठा १३ धुर २ कन रहेको उल्लेख पाइन्छ। यति विशाल क्षेत्रफल भएको यो जलाशयले विगतमा वर्षा जल संरक्षण, भू-जल पुनर्भरण तथा वातावरणीय सन्तुलन कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो।

नेपालका परम्परागत पोखरी र कुण्डहरू जल व्यवस्थापनका उत्कृष्ट नमुना थिए । आधुनिक विज्ञानले आज जुन 'रेन वाटर हार्भेस्टिङ', 'ग्राउन्ड वाटर रिचार्ज' र 'अर्बन वाटर म्यानेजमेन्ट' को कुरा गरिरहेको छ, हाम्रा पुर्खाहरूले सयौं वर्षअघि नै कुण्ड र सरोवर निर्माणमार्फत त्यसको व्यवहारिक अभ्यास गरिसकेका थिए। विहार कुण्ड पनि त्यही वैज्ञानिक र सांस्कृतिक चेतनाको प्रतिफल हो।

विवाह पञ्चमी, रामनवमी, जानकी नवमी तथा अन्य धार्मिक पर्वहरूमा विहार कुण्ड विशेष रूपमा जीवित हुन्थ्यो । हजारौं श्रद्धालु यहाँ स्नान गर्न, पूजा गर्न र धार्मिक उत्सवमा सहभागी हुन आउँथे। कुण्डको किनारामा भजन, कीर्तन, प्रवचन र धार्मिक अनुष्ठान सञ्चालन हुन्थे । यसले जनकपुरधामको धार्मिक पर्यटनलाई समेत टेवा पुऱ्याएको थियो।

विशेष गरी भाद्र शुक्ल एकादशीदेखि पूर्णिमासम्म मनाइने जलविहार उत्सव अत्यन्त महत्वपूर्ण मानिन्थ्यो। स्थानीय जानकारहरूका अनुसार केही दशकअघि सम्म पाँच दिनसम्म भव्य रूपमा यो उत्सव सञ्चालन हुन्थ्यो। माता सीताले आफ्ना सखीहरूसँग यहाँ जलविहार गरेको स्मरणमा सीतारामका मुर्तिलाई नाउमा राखेर कुण्डमा जलविहार गराइन्थ्यो। धार्मिक गीत, भजन, झाँकी र भक्तजनहरूको सहभागिताले सम्पूर्ण क्षेत्र आध्यात्मिक उत्सवमा परिणत हुन्थ्यो।

दुर्भाग्यवश व्यवस्थापनको अभाव, आर्थिक स्रोतको कमी, सुरक्षाको चुनौती तथा संरक्षणप्रतिको उदासीनताका कारण यो गौरवशाली परम्परा क्रमशः लोप हुँदै गयो। आज नयाँ पुस्ताका धेरै युवाहरूलाई समेत यस्तो उत्सवको इतिहासबारे पर्याप्त जानकारी छैन । जब कुनै सभ्यताले आफ्ना परम्परा बिर्सिन थाल्छ, तब उसको सांस्कृतिक स्मृति कमजोर हुँदै जान्छ। विहार कुण्डको जलविहार उत्सवको हराउँदै गएको परम्परा यही चिन्ताको विषय हो।

कुण्डको दक्षिण-पश्चिम कुनामा गाडिएको शिलालेखले पनि यसको ऐतिहासिक पहिचानलाई प्रमाणित गर्दछ। उक्त शिलामा "नं. ५४ विहार कुण्ड - श्री जानकी सर" अंकित रहेको छ। यस्ता शिलालेखहरू इतिहासका मौन दस्तावेज हुन्। तिनीहरूले समयको प्रवाहमा हराउन लागेको स्मृतिलाई जीवित राख्ने कार्य गर्छन्। तर यस्ता ऐतिहासिक चिन्हहरूको उचित संरक्षण नहुँदा भविष्यमा महत्वपूर्ण प्रमाणहरू समेत नष्ट हुने खतरा रहन्छ।

आज विहार कुण्डका सामु सबैभन्दा ठूलो चुनौती अतिक्रमण हो। धार्मिक स्थलको संरक्षणको नाममा वा अन्य बहानामा गरिएको अनियन्त्रित निर्माणले कुण्डको क्षेत्रफलमा प्रत्यक्ष प्रभाव पारेको छ। विशेषगरी पूर्वी डिलमा रहेको कुटी क्षेत्र विस्तार हुँदै जाँदा मूल संरचना खुम्चिने अवस्था देखिएको छ। अन्य किनाराहरूमा समेत अव्यवस्थित निर्माणको प्रवृत्ति बढ्दो छ।

धार्मिक सम्पदा संरक्षणको अर्थ त्यसको मूल स्वरूप जोगाउनु हो, नकि त्यसलाई अतिक्रमण गरेर नयाँ संरचना थपिरहनु । जब कुण्डको जल क्षेत्र घट्दै जान्छ, तब केवल पानीको सतह मात्र घट्दैन, त्यससँग जोडिएको इतिहास, संस्कृति र पर्यावरणीय महत्व पनि कमजोर बन्दै जान्छ।

विहार कुण्डको संरक्षण आज केवल एउटा स्थानीय मुद्दा होइन, यो सम्पूर्ण मिथिला सभ्यता संरक्षणको अभियान हो । यदि जनकपुरधामका कुण्डहरू हराए भने भविष्यका पुस्ताले मिथिलाको जल-सभ्यता केवल पुस्तकका पानामा मात्र पढ्न पाउनेछन्। त्यसैले स्थानीय सरकार, गुठी संस्थान, धार्मिक संघसंस्था, नागरिक समाज र आम जनताको संयुक्त प्रयास आवश्यक छ।

सबैभन्दा पहिले कुण्डको आधिकारिक सीमांकन गरी अतिक्रमण रोक्नुपर्छ। यसको ऐतिहासिक क्षेत्रफल कायम राख्ने कानुनी र प्रशासनिक व्यवस्था हुनुपर्छ। दोस्रो, कुण्डको वैज्ञानिक संरक्षण गरी पानीको गुणस्तर सुधार गर्नुपर्छ । तेस्रो, हरियाली पुनर्स्थापना गरी वरिपरि वृक्षारोपण गर्नुपर्छ। चौथो, हराइसकेका धार्मिक तथा सांस्कृतिक उत्सवहरूलाई पुनर्जीवित गर्नुपर्छ। पाँचौं, विहार कुण्डलाई धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्यका रूपमा विकास गर्नुपर्छ।

यदि उचित योजना बनाइयो भने विहार कुण्ड जनकपुरधामको प्रमुख सांस्कृतिक-पर्यटन केन्द्र बन्न सक्छ । यहाँ सांस्कृतिक पदयात्रा, धार्मिक भ्रमण, जलविहार महोत्सव, भजन-सन्ध्या तथा मिथिला संस्कृतिसँग सम्बन्धित कार्यक्रमहरू आयोजना गर्न सकिन्छ। यसले स्थानीय अर्थतन्त्रलाई समेत सकारात्मक प्रभाव पार्नेछ।

आज आवश्यकता केवल कुण्डको सरसफाइ गर्ने होइन, यसको इतिहास, परम्परा, आध्यात्मिक महत्व र सांस्कृतिक पहिचानलाई पुनर्जीवित गर्ने हो। विहार कुण्डको संरक्षण भनेको माता जानकीको स्मृतिको सम्मान हो। यो मिथिलाको गौरवको रक्षा हो। यो हाम्रा पुर्खाहरूले निर्माण गरेको सभ्यताको संरक्षण हो। र सबैभन्दा महत्वपूर्ण कुरा, यो भावी पुस्ताप्रति हाम्रो दायित्व हो।

जबसम्म विहार कुण्डको पानीमा मिथिलाको इतिहास प्रतिबिम्बित भइरहन्छ, तबसम्म जनकपुरधामको आत्मा जीवित रहनेछ । तर यदि हामीले आज यसको संरक्षणमा गम्भीरता देखाएनौं भने भोलि इतिहासले हामीलाई प्रश्न गर्नेछ–"हजारौं वर्षको सभ्यता र देवी जानकीको स्मृतिसँग जोडिएको यस्तो अमूल्य सम्पदा जोगाउन नसक्ने पुस्ता हामी किन बन्यौं ?" त्यस प्रश्नको उत्तर आजै खोज्नुपर्छ। संरक्षण, पुनर्जीवन र संवर्द्धनको साझा संकल्पमार्फत विहार कुण्डलाई पुनः आफ्नो पुरानो गौरवमा फर्काउनु नै समयको माग हो । श्रीजानकिजीले सबैलाई सद बुद्धि दिउन। अस्तुः

## विश्वकपको 'फ्ल्यासब्याक' :

# "ब्ल्याक एन्ड ह्वाइट"को उत्साहदेखि स्मार्ट स्क्रिनको मज्जासम्म



● एलपी देवकोटा

अहिले फुटबलको महाकुम्भ विश्वकपको माहौल छ। चिया पसल, चौतारा, घरदेखि कार्यालयसम्म विश्वकपकै चर्चा सुनिन्छ । विश्वकप फुटबलले विश्वभरका खेलप्रेमीलाई जस्तै मलाई पनि बाल्यकालका थुप्रै सम्झनाहरूमा पुऱ्याएको छ । जुम्लाको दुर्गम गाउँमा 'ब्ल्याक एन्ड ह्वाइट' टेलिभिजनमा गाउँभरिका मानिसहरू जम्मा भएर हेरेको विश्वकप र आज परिवारसँग ६५ इन्चको स्मार्ट टीभी तथा प्रोजेक्टरमा हेर्दाको अनुभवबीचको फरक सम्झँदा समयको अद्भूत यात्रा महसुस हुन्छ।

२०५५ साल (सन् १९९८) तिरको कुरा हो । म करिब आठ वर्षको थिएँ। त्योबेला जुम्लामा टेलिभिजन भएका घरहरू निकै कम थिए । मेरा बा पुरीचन्द देवकोटाले तरकारी लगाउने बारीमा ठूलो डिस एन्टेना जडान गर्न लगाउनुभयो। गाउँका अंकल र दाइहरू दुई दिनसम्म मेहनत गरेर ठूलो कालो डिस छाता जोड्न सफल हुनुभयो। त्यो मेहनत खेर गएन, किनकि त्यसपछि हाम्रो घर विश्वकप हेर्ने साझा केन्द्रजस्तै बन्यो।

घरमा १४ इन्चको 'ब्ल्याक एन्ड ह्वाइट' टीभी थियो। नेपाली च्यानलहरू खासै देखिँदैन्थे, अधिकांश भारतीय च्यानलहरू आउँथे। दिउँसो रामायण, महाभारत र विभिन्न सिरियलहरू हेर्ने गरिन्थ्यो भने राति खेलकुद च्यानलहरू आउँथे। खेलकुद र अन्य च्यानलका लागि डिसको दिशा फरक-फरक भएकाले दिनरात छाता घुमाउनुपर्ने अवस्था थियो।

विश्वकप मेरा लागि केवल खेल होइन, जीवनका सुन्दर अध्यायहरू पुनः एकपटक बाँच्ने अवसर पनि हो।

त्योबेला हामीलाई कुन देश खेल्दैछ, कुन खेलाडी प्रसिद्ध छ भन्ने धेरै थाहा थिएन। केवल फुटबल हेर्न पाइयो भने पनि हामी दङ्ग पर्थ्यौं। तर, विश्वकपको रोमाञ्च भने त्यतिबेलै हाम्रो मनमा बसिसकेको थियो । गाउँभरिका मानिसहरू एउटै कोठामा खचाखच बसेर रातभर खेल हेर्दा जुन सामूहिक आनन्द, आत्मीयता र अपनत्व महसुस हुन्थ्यो, त्यो आजको अत्याधुनिक प्रविधिले पनि सायदै दिन सक्छ। खेल मैदान टाढा थियो, तर विश्वकपले गाउँका सबैलाई एउटै भावनामा बाँधिदिएको थियो।

**बासाग हेरेको विश्वकप र छोरासाग हेर्दाको फरक**

समयसँगै विश्वकप हेर्ने शैली मात्र होइन, खेललाई बुझ्ने तरिका पनि बदलिएको छ। बासँग बसेर खेल हेर्दा फुटबल भनेको केवल एउटा खेल थियो। कुन देश, कुन खेलाडी, कति गोल, कति रेकर्ड भन्ने जानकारी सीमित हुन्थ्यो। खेल हेर्ने खुसी नै सबैभन्दा ठूलो कुरा थियो।

आज छोरासँग बसेर विश्वकप हेर्दा अवस्था फरक छ। खेल सुरु हुनुअघि नै उसले खेलाडीहरूको तथ्यांक सुनाउँछ- कसले कति विश्वकप खेलेको छ, कति गोल गरेको छ, कुन टोलीको रणनीति कस्तो छ, कसले कति कीर्तिमान बनाएको छ । प्रविधिको विकाससँगै जानकारीको पहुँच यति सहज भएको छ कि अहिलेको पुस्ताले खेललाई अझ गहिरोसँग बुझ्न पाएको छ।

मैले १९९८, २००२ र २००६ का विश्वकपहरू ब्ल्याक एन्ड ह्वाइट टीभीमा हेरेँ। २०१० पछि मात्र रङ्गीन टीभीमा विश्वकप हेर्ने अवसर मिल्यो। आज २०२६ मा प्रोजेक्टर र स्मार्ट स्क्रिनमा खेल हेर्दा खेलको अनुभव नै अर्को स्तरको बनेको छ । तर, कहिलेकाहीं लाग्छ- प्रविधिले दृश्यलाई स्पष्ट बनायो, तर पुराना दिनहरूको सामूहिकता र आत्मीयता भने कतै धमिलो बनाइदियो।



**फाटेको मोजाको बलदेखि फुटसलसम्म**

विश्वकपसँगै बाल्यकालका खेलकुदका सम्झनाहरू पनि ताजा हुन्छन्। त्योबेला नयाँ फुटबल किन्ने अवस्था थिएन। पुराना फाटेका मोजा जम्मा गरेर बल बनाइन्थ्यो, र त्यही बलले घण्टौं खेलिन्थ्यो।

विद्यालयको मध्याह्न विश्राम होस् वा विद्यालय छुटेपछि साँझको समय, हाम्रो मुख्य मनोरञ्जन त्यही मोजाको बल थियो । बिदाको दिन त एक गाउँका युवाहरू अर्को गाउँसँग प्रतिस्पर्धा गर्न टिम बनाएर खेल्थे। धान काटिसकेपछि खाली भएका खेतहरू नै हाम्रो खेल मैदान बन्थे। गोल पोस्टका लागि ढुंगा राखिन्थ्यो, रेफ्री हुँदैनथ्यो, नियमहरू पनि धेरै औपचारिक थिएनन्। तर, खेलप्रतिको जोश र जित्ने चाहना भने कुनै अन्तर्राष्ट्रिय प्रतियोगिताभन्दा कम थिएन।

त्यो समय जुम्लामा दसैं-तिहारको अवसरमा मात्रै फुटबल प्रतियोगिता आयोजना हुने गर्थ्यो । अहिले पनि खेल मैदानको अभाव, व्यवस्थापनका समस्या र प्रतियोगिताका क्रममा हुने विवादका कारण नियमित खेल गतिविधि कमै छन्। तर, फुटबलप्रतिको मोह भने घटेको छैन, बरु झन् बढ्दै गएको छ।

आज जुम्लामा फुटसल निर्माण भएका छन्। बिहान र बेलुका युवाहरू फुटसल खेलिरहेका भेटिन्छन्। हामी पनि कहिलेकाहीं फुटसल खेल्ने गर्छौं । शहरहरूमा त टोल-टोलमा फुटसल सञ्चालनमा छन् । फुटबल र फुटसल प्रतियोगिताहरू नियमित भइरहेका छन् । समय बदलिएको छ, तर बल पछ्याउने सपना भने उस्तै छ।

**समय बदलियो, उत्साह उस्तै छ**

२८ वर्षअघि गाउँका मानिसहरू एउटै टीभीअगाडि बसेर विश्वकप हेर्थे । आज प्रत्येक व्यक्तिको हातमा स्मार्टफोन छ, जहाँबाट विश्वकप प्रत्यक्ष हेर्न सकिन्छ। प्रविधि, सुविधा र जानकारीको पहुँचमा ठूलो परिवर्तन आएको छ। तर, फुटबलप्रतिको उत्साह, खेलप्रतिको प्रेम र विश्वकपले जगाउने रोमाञ्च भने उस्तै छ।

ब्ल्याक एन्ड ह्वाइट टीभीको धमिलो पर्दादेखि आजको एचडी स्क्रिनसम्म आइपुग्दा धेरै कुरा बदलिएका छन् । डिस छाता घुमाउँदै सिग्नल खोज्ने दिनहरू बिते, फाटेका मोजाको बलले खेल्ने बालापन पनि सम्झनामा सीमित भयो। बुबासँग बसेर खेल हेर्ने दिनहरू विस्तारै समयको पानामा दर्ज भए, र आज त्यही स्थानमा छोरासँग बसेर नयाँपुस्ताको उत्साह नियालिरहेको छु।

सायद यही नै जीवनको सबैभन्दा सुन्दर यात्रा हो- एउटा पुस्ताले देखेको सपना अर्को पुस्ताले अझ स्पष्ट रूपमा देख्नु । विश्वकप केवल खेल होइन, यो समय, सम्झना, परिवार र पुस्ताहरूलाई जोड्ने भावनात्मक सेतु पनि रहेछ । त्यसैले हरेक चार वर्षमा विश्वकप आउँदा मैदानमा खेलाडीहरू मात्र दौडिरहेका हुँदैनन्, सँगै दौडिरहेका हुन्छन् बाल्यकालका सम्झनाहरू, बुबाको साथ, गाउँको आत्मीयता र समयले छोडेका अनगिन्ती पथ चिह्नहरू। यही कारण विश्वकप मेरा लागि केवल खेल होइन, जीवनका सुन्दर अध्यायहरू पुनः एकपटक बाँच्ने अवसर पनि हो। यो लेख शिलापत्रडटकमबाट साभार गरिएको छ।

# महाधिवेशनमा किन सहभागी भएन डा. सिंह

**टुडे समाचारदाता**

जनकपुरधाम । करीब ५ महिना अगाडि पार्टी प्रवेश गरेका डा. अमरेशकुमार सिंहले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो महाधिवेशन बहिष्कार गरेको कुरा चासोका विषय बनेको छ ।



सरकारका काम कारबाहीप्रति सार्वजनिक रूपमै असन्तुष्टि जनाएका अमरेश रास्वपा महाधिवेशनमा अनुपस्थिति बारे चितवनमा जारी रास्वपाको महाधिवेशनमा प्रतिनिधिहरूले सोधीखोजी गरिरहेका छन् । खासगरी मधेश प्रदेशका प्रतिनिधिले उनको अनुपस्थितिप्रति चासो र जिज्ञासा राखेका छन् ।

सम्भावित राजनीतिक घटनाक्रमको आँकलन गरेरै उनी रास्वपा महाधिवेशनमा सहभागी नभएको अमरेश निकट स्रोतले जानकारी दियो ।

'आगामी दिनको राजनीतिक सम्भाव्यता गहिरोसँग अध्ययन गरेको कारणले उनी महाधिवेशनमा नगएको हुन सक्ने,' स्रोतको भनाई छ । तर, यस विषयमा बुझ्न पटक-पटक प्रयास गर्दा पनि अमरेशसँग सम्पर्क हुन सकेन ।

लामो समय नेपाली कांग्रेसको राजनीति गरेका अमरेश बलिदानी दिवसको अवसर पारेर गत माघ ५ गते जनकपुरमा आयोजित भव्य समारोहमा रास्वपा प्रवेश गरेका थिए । पार्टी प्रवेश गरेको भोलिपल्ट अमरेशले बालेनलाई जानकी मन्दिरको दर्शन गराएका थिए । फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनमा सर्लाही-४ बाट रास्वपा उम्मेदवार बनेका अमरेशले नेपाली कांग्रेसका सभापति गगन थापालाई पराजित गरेर संसद्मा आएका थिए । रास्वपाबाट निर्वाचित भए पनि उनले संसद्मा सरकारका काम र कार्यशैलीको आलोचना गर्दै आएका छन् ।

गत जेठ ५ गते प्रतिनिधिसभा बैठकमै अमरेशले सरकारको कार्यशैलीका कारण मधेशमा जनआक्रोश विस्फोटको अवस्थामा पुगेको बताएका थिए ।

'म भर्खर हिजो मात्र निर्वाचन क्षेत्रबाट फर्केर आएँ, सरकारलाई विनम्रतापूर्वक आग्रह गर्छु- मधेश विस्फोटको स्थितिमा छ,' बजेटका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा अमरेशले भनेका थिए, 'विस्फोट हुनुभन्दा पहिले त्यसको उपचार गरौं । किनभने न सत्तामा उसको अनुहार छ, न कुनै नियुक्तिमा । यस्तो ढंगले राज्य चल्दैन ।'

पछि जेठ २८ गते पनि उनले सरकारको बजेटको आलोचना गर्दै हावाले भरिएको बेलुनको संज्ञा दिएका थिए । बजेटको आकार र यसको विश्वस्ततामाथि प्रश्न उठाउँदै अमरेशले संसद्मा भनेका थिए- 'साउथ एसियामा कुनै देश छैन- जहाँ जीडीपीको ३२/३३ प्रतिशतको बजेट बनाइन्छ । यो आफैंमा एउटा ठूलो फुकेको बेलुन हो । फुकेको बेलुन लामो समय टिक्दैन । यो बजेट कार्यान्वयन हुन्छ ? मलाई विश्वास छैन, अरू साथीहरूलाई होला ।'

तत्कालीन संविधानसभाको सदस्य समेत रहेका अमरेशले प्रधानमन्त्री बालेनका राजनीतिक सल्लाहकार असिम शाह नेतृत्वको संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदललाई समेत चुनौती दिएका थिए । रास्वपा महाधिवेशनमा अमरेशको अनुपस्थितिले मधेशमा एकखालको तरङ्ग उठेको विश्लेषण गरिएको छ ।

# निको कप महिला टि-ट्वान्टीः लुम्बिनीको पहिलो जित



**टुडे समाचारदाता**

जनकपुरधाम । निको कप महिला टि-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा लुम्बिनी प्रदेशले पहिलो जित दर्ता गरेको छ ।

प्रतियोगिता अन्तर्गत मंगलबार सम्पन्न पहिलो खेलमा कर्णाली प्रदेशलाई पाँच विकेटले पराजित गर्दै लुम्बिनीले दुई अंक जोडेको छ । टस जितेर लुम्बिनीले फिल्डिङ रोजेको थियो । पहिले ब्याटिङको निम्तो पाएको कर्णाली प्रदेशले निर्धारित २० ओभरमा सात विकेट गुमाएर ८५ रनको योगफलमा जोड्न सक्यो ।

कर्णालीका लागि गंगा खड्काले १४, अञ्जु गुरुङले १३ र तृष्णा विश्वकर्माले १२ रन बनाउनुबाहेक कुनै पनि ब्याटरले दोहोरो अङ्क जोड्न सकेनन् । कर्णालाई सस्तैमा समेट्न लुम्बिनी प्रदेशका मनिषा रानाले तीन, सुस्मिता भुसालले दुई तथा अञ्जि पाठकले एक विकेट लिएका थिए ।

८६ रनको झिनो लक्ष्य लिएर मैदान प्रवेश गरेको लुम्बिनीले १५ ओभरमा ५ विकेट गुमाएर लक्ष्य भेटायो । लुम्बिनीका लागि कप्तान असमा पुलामी मगरले २८ तथा रञ्जु श्रेष्ठले २३ रनको योगदान दिनुभयो । सो प्रतियोगिताको म्यान अफ द म्याच लुम्बिनीका मनिषा राना घोषित भएका छन् ।

यस जितसँगै लुम्बिनीको तीन खेलबाट एक जित, एक/एक हार तथा एक बराबरीसहित तीन अंक जोड्दै समूहको दोस्रो स्थानमा छन् । लुम्बिनीसँगको हारका बाबजुद कर्णाली तीन अंकको साथ समूहको तेस्रो स्थानमा छन् ।

मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश खेलकुद परिषद् तथा नेपाल खेलकुद महासंघको संयोजनामा शुरु भएको प्रतियोगितामा सात वटा प्रदेश र दुई वटा विभागीय टिम आर्मी र एपीएफ टिम गरी नौ वटा टिमको सहभागिता छन् ।

प्रतियोगिता असार १४ गतेसम्म जनकपुरधाम र वीरगञ्जमा सञ्चालन हुने आयोजकले जनाएको छ ।

# एन आई सी एशिया बैंकको बिक्री प्रबन्धकमा एनआइएमबि एस क्यापिटल नियुक्त

**टुडे समाचारदाता**

काठमाण्डु । एनआईसी एशिया बैंकले २:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्नका लागि एनआइएमबि एस क्यापिटल लिमिटेडलाई निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ ।




नेपाल राष्ट्र बैंकबाट प्राप्त स्विकृतिअनुसार बैंकले हाल कायम चुक्ता पूँजी रु. १४,९१,७५,६६,९२२- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ मात्र) बराबरको प्रति शेयर रु. १००- अंकित दरका १४,९१,७५,६६९.२२ (अक्षरेपी चौध करोड एकानब्बे लाख पचहत्तर हजार छ सय उनान्साठ्ठी दशमलव बााईस) कित्ता साधारण शेयरको दुई शेयर बराबर एक (२:१) शेयर (अर्थात् विद्यमान २ (दुई) कित्ता साधारण शेयर बराबर नयाँ १ (एक) कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु. ७,४५,८७,८३,५००- (अक्षरेपी सात अर्ब पैंतालीस करोड सतासी लाख त्रीयासी हजार पाँच सय रुपैयाँ) बराबरको प्रति कित्ता रु. १००- (अक्षरेपी एक सय रुपैयाँ मात्र) को ७,४५,८७,८३५ (सात करोड पैंतालीस लाख सतासी हजार आठ सय पैतीस) कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नेछ ।

उक्त हकप्रद शेयर निष्काशनका लागि आवश्यक अन्य नियामकीय स्वीकृति तथा प्रक्रिया पूरा गरी निष्काशन कार्य अगाडि बढाइने बताइएको छ ।

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम बैंकको पूँजी संरचना सुदृढ बनाउन, पूँजी पर्याप्तता अनुपात थप मजबुत बनाउन तथा बैंकको दीर्घकालीन व्यवसायिक विस्तार एंव रणनीतिक योजनाहरु कार्यान्वयन गर्न उपयोग गर्ने योजना रहेको छ ।

# मुहर्रमलाई शान्तिपूर्ण बनाउन शान्ति बैठक

**टुडे समाचारदाता**

रौतहट । भारत बिहार पूर्वी चम्पारण (मोतिहारी) का जिल्ला अधिकारी (डीएम) सौरभ सुमन यादव र प्रहरी अधीक्षक (एसपी) स्वर्ण प्रभातले मुहर्रम पर्वलाई शान्तिपूर्ण, सुरक्षित तथा सौहार्दपूर्ण वातावरणमा सम्पन्न गराउन ढाकामा शान्ति समिति बैठक आयोजना गरेका छन् ।



बैठकमा स्थानीय जनप्रतिनिधि, धार्मिक अगुवा, सामाजिक अभियन्ता तथा विभिन्न समुदायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा डीएम यादवले मुर्हरम पर्वलाई आपसी सद्भाव, भाइचारा र सामाजिक एकताको सन्देश दिने अवसरका रूपमा लिन आग्रह गर्दै सबैलाई संयमता अपनाउन अपिल गरेका छन् ।

त्यसैगरी एसपी स्वर्ण प्रभातले सामाजिक सद्भाव भंग गर्ने कुनै पनि गतिविधि सह्य नहुने चेतावनी दिएका छन्। उनले धार्मिक तथा साम्प्रदायिक भावनामा आघात पुग्ने खालका गतिविधिमा संलग्न व्यक्तिमाथि कडा कानुनी कारबाही गरिने स्पष्ट पार्दै चेतावनी दिएका छन् । सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन ठूलो संख्यामा प्रहरी परिचालन गरिने जनाइएको छ। वर्दीधारी प्रहरीसँगै सादा पोसाक (सिभिल) मा समेत सुरक्षाकर्मी परिचालन गरिनेछ। सम्भावित अफवाह, भ्रामक सूचना तथा उक्साहटपूर्ण गतिविधि रोक्न सामाजिक सञ्जालमाथि विशेष निगरानी राखिने प्रशासनले जनाएको छ ।

मुहर्रमजस्ता धार्मिक तथा संवेदनशील पर्वका अवसरमा प्रशासनले समयमै शान्ति समिति बैठक आयोजना गर्नु सकारात्मक कदम मानिन्छ। पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालमार्फत फैलाइने भ्रामक सूचना तथा उत्तेजक सामग्रीका कारण साम्प्रदायिक तनाव सिर्जना हुने जोखिम बढ्दै गएको छ। त्यसैले प्रशासनले सामाजिक सञ्जालमाथि विशेष निगरानी र सिभिल प्रहरी परिचालन गर्ने निर्णयलाई सुरक्षा रणनीतिको महत्वपूर्ण पक्षका रूपमा हेरिएको छ ।

डीएम र एसपी स्वयं उपस्थित भएर स्थानीय समुदायसँग प्रत्यक्ष संवाद गर्नुले प्रशासन धार्मिक सहिष्णुता र सामाजिक सद्भाव कायम राख्न गम्भीर रहेको सन्देश दिएको छ। साथै, पर्वलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन स्थानीय बासिन्दा, धार्मिक अगुवा र सुरक्षाकर्मीबीचको समन्वय अझ प्रभावकारी हुने अपेक्षा गरिएको छ।

# बेहुलीबिनै जन्ती फर्कियो

**टुडे समाचारदाता**

रौतहट । भारतको बिहार राज्यस्थित पूर्वी चम्पारण जिल्लाको सुगौली थाना क्षेत्रको बेलवतिया गाउँमा नक्कली गहनाको विवादले विवाह समारोह नै भाँडिएको छ ।



सिन्दूरदान हुनै लाग्दा बेहुलीलाई चढाइएको गहना नक्कली भएको आरोप लागेपछि दुवै पक्षबीच विवाद चर्किएको थियो । अन्ततः विवाह रोकिएसँगै नेपालका बारा जिल्लाबाट पुगेको जन्ती टोली बेहुलीबिनै फर्किएको छ ।

जानकारीअनुसार बारा जिल्लाको परसौतीपुर गाउँका युगल सहनीका छोरा सुभाष कुमार सहनीको जन्ती बेलवतिया पुगेको थियो। दुवै परिवारको सहमतिमा विवाहका सम्पूर्ण तयारी पूरा भएका थिए। स्वागत, जयमाला लगायतका अधिकांश वैवाहिक कार्यक्रम सम्पन्न भइसकेका थिए भने अन्तिम चरणको सिन्दूरदानको तयारी भइरहेको थियो ।

यही क्रममा बेहुलीलाई उपहारस्वरूप चढाइएका गहनाको परीक्षण गर्दा ती नक्कली भएको दाबी गरियो। उक्त विषय सार्वजनिक भएपछि विवाहस्थलमा तनाव सिर्जना भएको र दुवै पक्षबीच चर्काचर्की सुरु भएको बताइएको छ ।

बेहुलीका पिता लक्ष्मीनारायण सहनीले केटा पक्षको मागअनुसार नगद तथा अन्य उपहारहरू पहिल्यै उपलब्ध गराइसकेको अवस्थामा नक्कली गहना चढाइएको जानकारी पाएपछि विवाह अघि बढाउन अस्वीकार गरेको बताएका छन् । उनका अनुसार यस्तो व्यवहार गर्ने परिवारमा छोरीको भविष्य सुरक्षित नहुने निष्कर्षसहित विवाह रोकिएको हो ।

विवाद बढ्दै जाँदा बेहुली पक्षले विवाहका लागि गरिएको खानपान, सजावट तथा अन्य व्यवस्थापनमा भएको खर्चको क्षतिपूर्ति माग गरेको थियो । रातभर स्थानीय स्तरमा छलफल, पञ्चायती र सहमतिको प्रयास भए पनि कुनै निष्कर्ष ननिस्किएपछि विवाह स्थगित मात्रै होइन, पूर्ण रूपमा भंग भएको बताइएको छ ।

घटनापछि स्थानीय प्रहरी घटनास्थलमा पुगेर स्थिति नियन्त्रणमा लिएको थियो। प्रहरी, जनप्रतिनिधि तथा गाउँका अगुवाहरूको उपस्थितिमा दुवै पक्षबीच पटक-पटक वार्ता भए पनि विवाद समाधान हुन सकेन ।

अन्ततः विवाह सम्पन्न हुन नसकेपछि नेपालबाट पुगेको जन्ती टोली निराश बनेर घर फर्किएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। यो घटनाले दुवै परिवारमा मात्र होइन, स्थानीय क्षेत्रमा समेत व्यापक चर्चा पाएको छ ।

# पूर्व वडाध्यक्ष एक सातादेखि बेपता

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको सहिदनगर नगरपालिका-३, यदुकुहाका पूर्ववडाध्यक्ष नागेन्द्रप्रसाद मण्डल एक सातादेखि बेपत्ता रहेका छन् । गत आइतबार दिउँसो औषधी लिन घरबाट जनकपुरका लागि निस्कनुभएका मण्डल त्यसयता सम्पर्कविहीन रहेको परिवारका सदस्यले जनाएका छन् ।



पूर्ववडाध्यक्ष मण्डलकी भाउजू पार्वती मण्डलले देवर सम्पर्कविहीन बनेपछि घरपरिवारका सदस्य चिन्तामा रहेको बताएकी छिन् । उनका अनुसार मण्डललाई दुई महिनादेखि राति निन्द्रा नलाग्ने समस्या थियो। उहाँ नियमित औषधी सेवन गर्दै आउनुभएको थियो । औषधी सकिएपछि जनकपुर जान भन्दै मोटरसाइकल लिएर घरबाट निस्कनुभएको हो । त्यसपछि उहाँ घर फर्किनुभएको छैन र फोनमा समेत सम्पर्क हुन सकेको छैन ।

भाउजू पार्वतीले घरपरिवारमा कुनै विवाद वा मनमुटाब नभएको बताउँदै मण्डल सामान्य अवस्थामै औषधी लिन घरबाट निस्कएको जानकारी दिनुभयो। उहाँका अनुसार मण्डलले प्रयोग गर्ने मोटरसाइकल र हेल्मेट जनकपुरधामको पुलचोकस्थित घरमा सुरक्षित रहेको छ। उनकी भाउजू मण्डलले खोजी कार्य गरिदिन सरोकारवालालाई आग्रह गर्नुभएको छ। छिमेकी दीपेन्द्र मण्डलले पूर्ववडाध्यक्ष मण्डल जनकपुर गएकै दिन रेल चढेर जयनगरतर्फ गएको सूचना प्राप्त भएको बताए ।

इलाका प्रहरी कार्यालय यदुकुहाका प्रहरी निरीक्षक रामचन्द्र घिमिरेले पूर्ववडाध्यक्ष मण्डलको खोजतलास जारी रहेको बताएका छन् । उनले बेपत्ता भएकै दिन भारतको जयनगर रेलवे स्टेसनमा जडान गरिएको सिसिटिभी क्यामरामा मण्डल देखिएको जानकारी दिए ।

प्रहरी निरीक्षक घिमिरेका अनुसार मण्डलको मोबाइल फोनको अन्तिम लोकेसनसमेत जयनगर क्षेत्रमा देखिएको छ। उनले भने, "हामीले घटनाबारे जिल्ला प्रहरी कार्यालय धनुषालाई जानकारी गराइसकेका छौं। जिल्लाको समन्वयमा खोजी भइरहेको छ। सीमाक्षेत्रमा रहेका सुरक्षा निकाय र मातहतका प्रहरी चौकीसँग समन्वय गरेर खोजतलासलाई निरन्तरता दिएका छौं।"

मण्डल २०७४ को पहिलो स्थानीय तहको निर्वाचनमा जनता समाजवादी पार्टी नेपालबाट वडाध्यक्षमा निर्वाचित भएको थियो। २०७९ को स्थानीय तह निर्वाचनमा उनी पराजित भएको थियो । हाल उनले जसपा नेपाल परित्याग गरी स्वतन्त्र रूपमा सामाजिक गतिविधिमा सक्रियता जनाउँदै आएको छ ।

# रौतहटका महतोले बनाए दुई एआई एप

**टुडे समाचारदाता**

रौतहट । रौतहटको यमुनामाई गाउँपालिका-१ निवासी राजु महतोले नेपालको पहिलो दुई कृत्रिम बौद्धिकता (एआई) आधारित मोबाइल एप निर्माण गरेका छन् ।

जापानको क्योटोस्थित क्योटो कम्प्युटर गाकुइनमा सूचना प्रविधि (आईटी) अध्ययनरत महतोले कुनै टिम वा एजेन्सीको सहयोगबिना एक्लै एजुपथ एआई र ठगी स्टाक नामक एप निर्माण गरेका हुन् । दुवै एप एन्ड्रोइड, वेब तथा विन्डोज प्लेटफर्ममा उपलब्ध छन् । यी एप नेपाली भाषामा निर्माण गरिएका छन् भने पूर्ण रूपमा निःशुल्क तथा अफलाइन रूपमा प्रयोग गर्न सकिने बताइएको छ ।

वैदेशिक अध्ययन गर्न चाहने नेपाली विद्यार्थीलाई लक्षित गरी निर्माण गरिएको एजुपथ एआईलाई नेपालको पहिलो एआई -सञ्चालित अध्ययन सहायक एपका रूपमा प्रस्तुत गरिएको छ । एपमा १.७ मिलियनभन्दा बढी शब्दको प्रमाणित अफलाइन सामग्री समावेश गरिएको छ ।


**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०३/१० गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/१०/२४ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय जनकपुर, मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन मिति २०८३/०३/२५ गते बिहिबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय जनकपुरमा दिनको ठीक २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरमा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६६/०८/०७ मा प्रा.फ.र.नं. १७०७/२०६६/०६६/६७ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०६६/०७/०८ (मु.अ.क. दर्ता मिति २०७३/०४/१७) मा करदताको नाम कुमारी विभा रानी कारोवारको नाम **चादंनी हार्डवेयर भई** स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०३८४३९९७ को प्रमाणपत्र प्राप्त **चादंनी हार्डवेयर ।**

**रजिष्टर्ड ठेगाना :** धनुषा जिल्ला कुर्था गा.वि.स. वडा नं. ८ (हाल ऐ.जि. जनकपुपर उप.म.न.पा. वडा नं. २१)

**प्रोप्राइटर तथा जमानतकर्ता : कुमारी विभा रानि**
(ना.प्र.नं. ३९६९२०९६, जारी मिति २०४९।०६।१४, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा ) । स्थाई ठेगाना : जिल्ला धनुषा जनकपुर म.न.पा. वडा नं. १५ । हालको ठेगाना : जिल्ला धनुषा जनकपुर उप म.न.पा. वडा नं. २१ । बाबु : बासुदेव प्रसाद बिमल । पति : बेचन महासेठ । ससुरा : रामपृत महासेठ ।

**जमानतकर्ता : बेचन महासेठ**
(ना.प्र.नं. ५१६५२४९४, जारी मिति २०४४।०३।०८, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) । ठेगाना : जिल्ला धनुषा जनकपुर उप म.न.पा. वडा नं. २१ (साविक कुर्था गा.वि.स. वडा नं. ८) । बाबु : रामपृत महासेठ । बाजे : बालचन महासेठ ।

**जमानतकर्ता : आतिश कुमार महासेठ**
(ना.प्र.नं. १७-०१-७६-०७४७७, जारी मिति २०७६।०५।०२, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) । ठेगाना : जिल्ला धनुषा, जनकपुर उ.म.न.पा. वडा नं. २१ । बाबु : बेचन महासेठ । बाजे : रामपृत महासेठ ।

**ख. धितो सुरक्षणको विवरण :**

१. कुमारी विभा रानिको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला कुर्था गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८ स्थित कित्ता नं. ५८ र ५७ क्षेत्रफल ०-०-१०-८ र ०-०-१८-० (बिघा) र ऐ.ऐ. वडा नं. ९, नक्सा सिट नं. ९ स्थित कित्ता नं. १२९२ र १२९० क्षेत्रफल ०-१-०-० र ०-०-९-० (विघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..१
२. ऋणी **चादंनी हार्डवेयर**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण...१

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. संचालक तथा जमानतकर्ता कुमारी विभा रानिको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला कुर्था गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८ स्थित कित्ता नं. ५८ र ५७ क्षेत्रफल क्रमस: ०-०-१०-८ र ०-०-१८-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........१
२. संचालक तथा जमानतकर्ता कुमारी विभा रानिको नाममा मालपोत कार्यालय जनकपुर धनुषा मालपोत कार्यालयमा दर्ता श्रेष्ता कायम रहेको कुर्था गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ स्थित कित्ता नं. १२९२ र १२९० क्षेत्रफल ०-१-०-० र ०-०-९-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..........१
३. ऋणी **चादंनि हार्डवेयर** को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ....१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय जनकपुर, धनुषाबाट** समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय जनकपुर, धनुषामा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

# रास्वपा महाधिवेशनमा मधेशको बढी प्रतिनिधित्व




**टुडे समाचारदाता**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को ऐतिहासिक पहिलो राष्ट्रिय महाधिवेशनमा सबभन्दा बढी प्रतिनिधित्व मधेश प्रदेशबाट भएको हो। महाधिवेशनमा प्रस्तुत संगठनात्मक प्रतिवेदनमार्फत् देशभर ५ लाख २३ हजार ५ सय ६५ सदस्य रहेको जनाएको छ।

पार्टी महामन्त्री कविन्द्र बुर्लाकोटीले प्रस्तुत गरेको प्रतिवेदनमा मधेश प्रदेश रास्वपाको सबैभन्दा ठूलो सदस्य आधार भएको प्रदेशका रूपमा उल्लेख गरिएको छ। प्रतिवेदनअनुसार कूल सदस्यमध्ये २३.३ प्रतिशत मधेश प्रदेशमा रहेका छन्। बागमती प्रदेश २०.५ प्रतिशतसहित दोस्रो स्थानमा छ।

कोशीमा १४ प्रतिशत, लुम्बिनीमा १४.५ प्रतिशत, गण्डकीमा ११.८ प्रतिशत, सुदूरपश्चिममा १०.६ प्रतिशत र कर्णालीमा ५.२ प्रतिशत सदस्य रहेको विवरणमा उल्लेख छ। पार्टीको सदस्य संरचनामा पुरुषको हिस्सा ७५.८ प्रतिशत रहेको छ भने महिलाको सहभागिता १७.२ प्रतिशत मात्र रहेको प्रतिवेदनले देखाएको छ।

अन्य लैङ्गिक समूहको सहभागिता ०.१ प्रतिशत छ भने करिब ६.९ प्रतिशत सदस्यको विवरण खुल्न बाँकी रहेको जनाइएको छ। जातीय आधारमा खस-आर्य समुदायको प्रतिनिधित्व सबैभन्दा बढी ४१ प्रतिशत रहेको छ। मधेशी समुदायको हिस्सा १८ प्रतिशत, आदिवासी जनजाति १७.३ प्रतिशत, दलित ९.७ प्रतिशत, मुस्लिम २.५ प्रतिशत र थारू समुदाय २ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ।

उमेर समूहका आधारमा पार्टीमा युवाको बाहुल्यता देखिएको छ। १८ देखि ४५ वर्ष उमेर समूहका सदस्य ६४.१ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ। ४५ देखि ६५ वर्ष उमेर समूहका सदस्य १८.९ प्रतिशत र १८ वर्षमुनिका सदस्य ६.७ प्रतिशत रहेका छन्।

रास्वपाले हालसम्म ६४ जिल्लामा जिल्ला अधिवेशन सम्पन्न गरेको जनाएको छ। ६० ९ पालिका र ४ हजार ३६३ वडामा अधिवेशन सम्पन्न भइसकेको प्रतिवेदनमा उल्लेख छ। डोल्पा, हुम्ला, मनाङ, मुस्ताङ, रुकुमपूर्व, धनुषा, सप्तरी, बारा, सर्लाहीलगायत केही जिल्लामा अधिवेशन हुन बाँकी रहेको जनाइएको छ।

प्रतिवेदनमा संगठन विस्तारको चरण पूरा गर्दै अब संस्थागत सुदृढीकरण, कार्यसम्पादन र परिणाममुखी राजनीतिक अभ्यासमा केन्द्रित हुने उल्लेख गरिएको छ भने महिला, दलित, मुस्लिम तथा थारू समुदायको सहभागिता बढाउन विशेष अभियान आवश्यक रहेको निष्कर्ष प्रतिवेदनमा निकालिएको छ।

# सरकारमा जानु गम्भीर गल्ती : जनमत



**टुडे समाचारदाता**

जनकपुरधाम। सरकारमा सहभागी हुनु पार्टीका लागि गम्भीर राजनीतिक गल्ती र प्रत्युत्पादक भएको निष्कर्ष जनमत पार्टीले निकालेको छ।

पार्टीको जेठ २४-२५ गते सम्पन्न केन्द्रीय समितिको बैठकमा अध्यक्ष डा. सीके राउतद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा सरकारमा सहभागिता र पार्टीका मन्त्रीहरूको कार्यशैलीप्रति समीक्षा गरिएको छ। सरकारमा जाँदा संगठन विस्तारमा गम्भीर धक्का लागेको र पार्टीभित्र पदलोलुपता मौलाएको प्रतिवेदनमा भनिएको छ।

अध्यक्ष राउतको प्रतिवेदनमा पार्टीका सांसद तथा सभासदहरूमा मन्त्री बन्नका लागि मरिहत्ते गर्ने तर पार्टी संगठनप्रति कुनै चासो नराख्ने प्रवृत्ति हाबी भएको उल्लेख छ। सांसदहरू संगठन विस्तारमा ध्यान नदिने, खटाएको ठाउँमा नजाने र पार्टीको निर्देशनलाई समेत अटेरी गर्ने प्रवृत्ति देखिएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

विगतमा मन्त्री भइसकेका नेताहरूको कार्यशैलीप्रति केन्द्रीय सदस्यहरूले समेत चर्को असन्तुष्टि जनाउँदै उनीहरूलाई अब पार्टीको अग्रपंक्तिमा राख्न नहुने सुझाव दिएका छन्। सुरुको एक वर्ष मधेश प्रदेश सरकारले कहाँ र के काम गर्‍यो भन्ने कुराको पत्तोसमेत नपाउने सांसद तथा नेताहरू पार्टीमा रहेको प्रतिवेदनमा उल्लेख छ।

जनता र कार्यकर्ताको अपेक्षा धेरै भए पनि सरकारबाट त्यसको सुनुवाइ नभएको, उल्टै विवादमा तानिएको सुझाव समेत जनमतको छ। यसले संगठन सुदृढीकरण तथा विस्तारका दृष्टिकोणले कुनै उपलब्धि दिन नसकेको ठहर गरिएको राउतले आफ्नो प्रतिवेदनमा उल्लेख गरेका छन्। राम्रो काम गर्दा पनि त्यसको प्रचार हुन नसकेको र अनावश्यक विवाद मात्रै निम्तिएको प्रतिवेदनमा औल्याइएको छ।

बजेट विनियोजनका क्रममा जनमत पार्टीलाई चरम उपेक्षा गरिएको विश्लेषण प्रतिवेदनमा गरिएको छ। मधेश प्रदेश सरकारमा रहँदा जनमत पार्टीले मधेशका सबै वडाहरूबाट संकलन गरेका करिब पाँच हजार योजनामध्ये हरेक वडाका ५०० योजना मात्र बजेटमा समेटिएको उल्लेख गरिएको छ।

अन्य घटक दलहरूले ५ देखि ७ अर्ब रुपैयाँको बजेट लिइराख्दा जनमत पार्टीले सिफारिस गरेका योजनाका लागि करिब ४८ करोड रुपैयाँ मात्रै छुट्याइएको थियो। आफ्नै मातहतको उद्योग मन्त्रालयका २३० योजनामा ५ लाख रुपैयाँ मात्रै विनियोजन गरेर बजेट काटिएको र वन मन्त्रालयमा पार्टीको सिफारिसका जम्मा १-२ वटा योजना मात्र परेको गुनासो प्रतिवेदनमा छ।

यसका साथै ३० हजार राहत उद्धार स्वयंसेवक भर्ना, स्व. राममनोहर पार्क र महिला उज्ज्वला कार्यक्रमजस्ता महत्वपूर्ण तथा लोकप्रिय योजनाहरू नियतवश काटिएकाले कार्यकर्तामा चरम असन्तुष्टि फैलिएको विश्लेषण गरिएको छ।

पछिल्लो पटक ५-६ महिना मधेश सरकारमा सहभागी हुँदा २० औं पटक अनुरोध गर्दा पनि जनमत पार्टीको एउटै कार्यक्रम लागू नभएको र सरकारमा पार्टीको केही नचलेको प्रतिवेदनमा उल्लेख छ। अन्य दलका काम फटाफट हुँदा जनमतका योजनाहरू भने रोकेर राखिएको र पाँच महिनासम्म नीति आयोगमा सदस्यसमेत नियुक्त गर्न नसकिएको उल्लेख गर्दै अध्यक्ष राउतले पार्टीबाट मन्त्री बनेकाहरूले आफ्नै ढंगले स्वकीय सचिव राख्ने गरेको, कसलाई राखिएको भन्ने जानकारीसमेत नदिएको गुनासो प्रतिवेदनमा गरिएको छ।

मन्त्रीहरूले पार्टी सचिवालयसँग कुनै समन्वय नगरेको र आफ्ना कमजोरी लुकाउन सचिवालयकै नाम बदनाम गराएको प्रतिवेदनमा उल्लेख छ। दुई करोड रुपैयाँ बजेट रहेको र शिलान्यास भइसकेको पुललाई समेत मन्त्रीहरूले पाँच महिनासम्म ठेक्का प्रक्रियामा लैजान नसकेको जनाइएको छ। अन्ततः पार्टीले सरकारबाट बाहिरिने निर्णय गरिसक्दा पनि मन्त्रीहरूले निर्णय अटेरी गर्दै विद्रोह गरेर मन्त्री पदमै टिकिरहने आशक्ति देखाएको प्रतिवेदनमा उल्लेख छ।

# देश बाह्य मुलुकको हातम गइसक्यो : ठाकुर



**टुडे समाचारदाता**

काठमाण्डू। जनता समाजवादी पार्टी (जसपा) नेपालका राष्ट्रिय सभा सांसद महन्थ ठाकुरले वर्तमान सरकारले मुलुकको स्वतन्त्रतामाथि नै असर पार्ने खालको गतिविधि गरिरहेको आरोप लगाएको छ।

मंगलबार राष्ट्रिय सभा अन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बोल्दै उनले यस्तो आरोप लगाएका हुन्। सरकारले वाह्य मुलुकको हित हुने खालको काम गरिरहेकाले उनीहरू खुसी भएको पनि सांसद ठाकुरको जिकिर थियो।

उनले सरकारले नेपाली जनताको नभई अन्य मुलुकको हित हुनेगरी काम गरिरहेको पनि बताउँदै सरकारको प्राथमिकतामा देश र जनता नरहेको उनले भने।

उनले भने,'जुन राज्य छ। यो ननफङ्सनिङ हो। जनताको हातमा त केही छैन। सबै सकियो। हाम्रो स्वतन्तत्रतामाथि नै असर परिरहेको छ। किनकि बाहिरका मानिसले सबै चिज कब्जा गरिहाले। र उनीहरूको चित्त बुझाउने गरी सारा काम भइरहेको छ।' सांसद ठाकुरले सरकारको कारण मुलुक वाह्य मुलुकहरूको कब्जामा गइसकेको दाबी समेत गरे।

# जगरनाथपुर मधेशकै उत्कृष्ट पालिका

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको जगरनाथपुर गाउँपालिकालाई वन विकास, वातावरण संरक्षण तथा समुदायको आर्थिक समृद्धिका क्षेत्रमा उल्लेखनीय कार्य गरेको भन्दै मधेश प्रदेशमै उत्कृष्ट स्थानीय तहको रुपमा सम्मानित गरिएको छ ।

नेपाल सरकारको कृषि, वन तथा वातावरण मन्त्रालयअन्तर्गत रेड कार्यान्वयन केन्द्रले सञ्चालन गरेको 'समृद्धिका लागि वन' (ँयचभकतक ायच एचयकउभचष्तथ) परियोजनाअन्तर्गत आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा जगरनाथपुर गाउँपालिका मधेश प्रदेशमा प्रथम हुन सफल भएको हो।

उत्कृष्ट कार्यसम्पादनको कदरस्वरूप गाउँपालिकालाई प्रशंसा-पत्रसहित रु १ लाख २५ हजार नगद पुरस्कार प्रदान गरिएको रेड कार्यान्वयन केन्द्रले जनाएको छ। स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै वन संरक्षण, हरियाली प्रवर्द्धन, वातावरणीय सन्तुलन कायम राख्न तथा समुदायको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याएको आधारमा गाउँपालिकालाई सम्मान गरिएको हो।

रेड कार्यान्वयन केन्द्रका राष्ट्रिय परियोजना निर्देशक तथा सहसचिव नवराज पुडासैनीद्वारा हस्ताक्षरित प्रशंसा-पत्रमा जगरनाथपुर गाउँपालिकाले वन तथा वातावरण क्षेत्रमा गरेको योगदानको उच्च मूल्याङ्कन गरिएको उल्लेख छ। साथै भविष्यमा पनि यस्तै प्रभावकारी कार्यलाई निरन्तरता दिने अपेक्षा व्यक्त गरिएको छ।

गाउँपालिकाले प्राप्त गरेको यो उपलब्धिले स्थानीय स्तरमा वन संरक्षण, दिगो विकास तथा वातावरणमैत्री कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सम्भव रहेको सन्देश दिएको छ। सम्मान प्राप्त भएसँगै गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय समुदायमा उत्साह थपिएको छ।

# मुख्यमन्त्रीका ज्वाइँ रास्वपामा गरे प्रवेश

**टुडे समाचारदाता**



जनकपुरधाम। कांग्रेसमा अवसर नपाएको भन्दै मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव का जेठा ज्वाइँ दीपक यादव नेपाली कांग्रेस परित्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन्।

रौतहटको गरुडा नगरपालिका निवासी ३६ वर्षीय यादवले चितवनमा जारी रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशनस्थल पुगेर पार्टी सदस्यता लिएको बुझिएको छ। उनले सामाजिक सञ्जालमार्फत आफ्नो सदस्यता सार्वजनिक गर्दै रास्वपामा आबद्ध भएको जानकारी दिएका छन्।

लामो समयदेखि नेपाली कांग्रेससँग आबद्ध रहेका यादवले पार्टीभित्रको आन्तरिक गुटबन्दी, नेतृत्व तहबाट अवसर नपाएको अनुभूति तथा राजनीतिक रूपमा अगाडि बढ्न अनुकूल वातावरण नबनेका कारण कांग्रेस छाड्ने निर्णय गरेको बताएका छन्।

यादवको परिवार कांग्रेस राजनीतिमा लामो समयदेखि सक्रिय रहँदै आएको छ। उनका हजुरबुबा हृदयनारायण यादवले रौतहट क्षेत्र नम्बर ३ बाट पटक-पटक निर्वाचन प्रतिस्पर्धा गरेका थिए भने उनका बुवा रामनारायण यादवले २०७४ सालको प्रदेशसभा निर्वाचनमा उम्मेदवारी दिएका थिए। यद्यपि उनी निर्वाचित हुन सकेका थिएनन्।

दीपक यादव स्वयं पनि यसअघि निर्वाचन राजनीतिमा सक्रिय रहिसकेका छन्। २०७९ सालको स्थानीय तह निर्वाचनमा उनले तत्कालीन महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल बाट गरुडा नगरपालिकाको प्रमुख पदमा उम्मेदवारी दिएका थिए। मुख्यमन्त्री परिवारसँग प्रत्यक्ष नाता जोडिएका एक युवा राजनीतिक व्यक्तित्वको रास्वपामा प्रवेशलाई मधेशको राजनीतिमा चासोका साथ हेरिएको छ।

# जनचेतनामूलक ट्राफिक सप्ताह सम्पन्न

**टुडे समाचारदाता**

रौतहट। विभिन्न जनचेतनामूलक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी रौतहटमा ट्राफिक जनचेतना सप्ताह-२०८३ सम्पन्न गरिएको छ।




जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख प्रहरी निरीक्षक राजेन्द्र थापा मगरले मंगलबार पत्रकार सम्मेलनमार्फत सप्ताहभर सञ्चालन भएका कार्यक्रम तथा उपलब्धिबारे जानकारी दिएका हुन्।

प्रहरी निरीक्षक मगरका अनुसार सप्ताहको पहिलो दिन असार ३ गते गौरमा प्रभातफेरीसहित उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल प्रमुख अतिथि तथा गौर नगरपालिकाका प्रमुख शम्भु साह अध्यक्ष रहेका थिए। कार्यक्रममा ३५० भन्दा बढी सर्वसाधारणको सहभागिता रहेको थियो।

दोस्रो दिन असार ४ गते यातायात व्यवसायी तथा मजदुर हरूसँग सडक दुर्घटना न्यूनीकरण तथा ट्राफिक सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो।

तेस्रो दिन असार ५ गते यातायात व्यवस्था कार्यालय गौरसँगको सहकार्यमा यात्रुवाहक तथा अन्य सवारीसाधनहरूको मेकानिकल परीक्षण गरिएको थियो। उक्त क्रममा ७० वटा सवारीसाधनको प्राविधिक परीक्षण गरिएको प्रहरीले जनाएको छ।

चौथो दिन असार ६ गते आयोजित रक्तदान कार्यक्रममा २० जनाले रक्तदान गरेका थिए भने पाँचौं दिन विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो। छैटौं दिन असार ८ गते चालकहरूको स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिएको थियो।

कार्यक्रममा ६१ जना चालकको सुगर, रक्तचाप, आँखा परीक्षण, मादक पदार्थ सेवन (मापसे) तथा लागूपदार्थ सेवन (लापसे) परीक्षण गरिएको थियो। परीक्षणका क्रममा लागूपदार्थ सेवन गरी सवारी चलाइरहेका ३ जना चालकलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

सप्ताहभर सञ्चालन गरिएका अभियानअन्तर्गत ४० चरणमा १ हजार ४४० वटा सवारीसाधनमा ट्राफिक सचेतनामूलक स्टिकर टाँसिएको थियो। त्यसैगरी १ हजार ६०५ वटा पर्चा-पम्पलेट वितरण गरिएको थियो।

विद्यालय लक्षित कार्यक्रमअन्तर्गत जिल्लाका ८ वटा विद्यालयमा ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो, जसमा करिब ९ सय विद्यार्थी सहभागी भएका थिए। जेब्रा क्रसिङ सम्बन्धी सचेतनामूलक अभियानबाट ६ सय ५० जना लाभान्वित भएका थिए भने 'चालकसँग एक मिनेट' कार्यक्रममार्फत ५ सय ५ जना चालकलाई ट्राफिक नियमबारे जानकारी गराइएको थियो।

## खुला दिसामुक्तको अवस्था

# धनुषाका दलित खुला स्थानमा शौच गर्न बाध्य

**टुडे समाचारदाता**



जनकपुरधाम। नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको करिब आठ वर्ष बितिसक्दा पनि धनुषाको एक मुसहर दलित बस्ती अझै खुला स्थानममै शौच गर्न बाध्य छन्।

सरकारको खुला दिसामुक्त अभियान र सरसफाइ क्षेत्रमा गरिएको लगानीका बाबजुद धनुषाको सहिदनगर नगरपालिका-५ स्थित पचहर्वा मुसहर बस्तीका अधिकांश परिवार खुला स्थानमा शौच गर्न बाध्य छन्।

सो बस्तीका मुसहर परिवारलाई खुला स्थानमा शौच गर्नु दैनिक जीवनको बाध्यता बनेको छ। घरमा शौचालय नहुँदा उनी राति वा बिहान सबेरै अँध्यारोमा शौच गर्न खेततिर जान्छन्। 'खुला ठाउँमा शौच गर्दा लाज लाग्छ, कतिपय खेतधनीले गालीसमेत गर्छन्' मुसहर दलितहरु सुनाउंछन।

एक सयभन्दा बढी घरधुरी रहेको उक्त बस्तीमा तीन घरमा मात्र शौचालय रहेको छ। बाँकी परिवारले वर्षौंदेखि खेतबारी, बाँसघारी र खोल्साका किनारामा दिसापिसाब गर्दै आएका छन्। उक्त वडा २०७५ सालमै खुला दिसामुक्त घोषणा गरिएको थियो। तर दलित समुदायको यो बस्ती भने सरसफाइ सुविधाको पहुँचबाट टाढै रहेको छ।

स्थानीयमा अनुसार बस्तीमा करिब ३७० जनाको बसोबास छ। वृद्धवृद्धा, महिला, पुरुष र बालबालिकासमेत खुला स्थानमै शौच गर्न बाध्य छन्। कतिपय परिवारसँग शौचालय निर्माणका लागि आवश्यक जग्गा छैन भने कतिपयले आर्थिक अभावका कारण निर्माण गर्न नसकेको स्थानीय एक मुसहर परिवारले बताए।

स्थानीय परमदेवी सदाले महिला राति पुरुष सुतेपछि वा बिहान उज्यालो हुनुअघि खेततिर जान बाध्य छन्। 'खुला ठाउँमा बस्दा सर्प तथा विषालु किराको डर हुन्छ, कसैले देख्ला कि भन्ने चिन्ता पनि उत्तिकै हुन्छ', उनी भन्छिन्, 'वर्षायाममा खेत डुबान हुँदा समस्या अझ गम्भीर बन्ने गर्छ।'

हरवाचरवा अधिकार मञ्चका केन्द्रीय सचिव रामदयाल सदाका अनुसार सहिदनगर नगरपालिकामा मात्रै एक हजारभन्दा बढी परिवार शौचालयविहीन छन्। उक्त बस्तीका अधिकांश परिवार सुकुमवासी छन्। उनीहरूसँग न पर्याप्त जग्गा छ, न शौचालय निर्माण गर्न आवश्यक आर्थिक स्रोत नै। बसोबास गरिरहेको सानो घरबाहेक अन्य जमिन नभएकाले ती बस्तीका स्थानीय अरुको खेतबारीमा निर्भर हुनुपरेको छ।

खुला दिसापिसाबका कारण बस्ती वरपरको वातावरण फोहर बन्दै गएको छ। 'शौचालय अभावका कारण झाडापखाला, आउँ, टाइफाइडलगायत रोगको जोखिम बढेको छ', उनको भनाई छ।

हरवाचरवा अधिकार मञ्चका केन्द्रीय सचिव रामदयाल सदाका अनुसार सहिदनगर नगरपालिकामा मात्रै धनुषाको सबैला नगरपालिका, विदेह नगरपालिका, मिथिला विहारी नगरपालिका तथा क्षीरेश्वरनाथ नगरपालिकालगायत स्थानीय तहका एक हजारभन्दा बढी दलित विपन्न बस्तीका परिवार शौचालयविहिन अवस्थामा छ्न।

नेपाललाई २०७५ सालमा खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको थियो। त्यसबेला दक्षिण एसियाकै पहिलो खुला दिसामुक्त राष्ट्र बनेको दाबी गरिएको थियो। तर पचहर्वा मुसहर बस्तीको यथार्थले घोषणाको प्रभावकारितामाथि प्रश्न उठाएको छ।

रेबिजबारे सचेत बनौं

कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ।

**यसबाट बच्न:**

- घरपालुवा जनावरलाई नियमितरुपमा रेविज विरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानिले कम्तीमा १५ मिनेटसम्म राम्रोसंग धोऔं र तूरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं,

रेविज लाग्न नदिन समयमा विचार पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८